# मूल्यवृद्धिले घटायो माग

रासस/एएफपी
*टोकियो, वैशाख १३ गते*

जापानमा मूल्यवृद्धिका कारण 'भेन्डिङ मेसिन' बाट बिक्री हुने पेय पदार्थको माग घट्दै गएको छ, जसले देशको लामो समयदेखि चलिआएको भेन्डिङ मेसिन संस्कृतिमा परिवर्तन ल्याइरहेको छ।

जापानमा भेन्डिङ मेसिन अत्यन्तै सामान्य छन्, यी पोस्ट अफिस, पार्क, रेल स्टेसन, सडक किनार मात्र होइन, माउन्ट फुजी जस्ता दुर्गम स्थानमा समेत पाइन्छन्। अहिले उपभोक्ताको खर्च गर्ने व्यवहार बदलिँदै जाँदा यो व्यवसाय दबाबमा परेको छ।

भेन्डिङ मेसिन एउटा स्वचालित यन्त्र हो, जसबाट मानिसले पैसा (नगद वा डिजिटल भुक्तानी) राखेर आफूलाई चाहिएको सामान तुरुन्त प्राप्त गर्न सक्छन्।

यसमा सामान्यतः पेय पदार्थ, स्न्याक्स, चुरोट, खाना वा अन्य साना सामान राखिएका हुन्छन्। ग्राहकले मेसिनमा पैसा हालेर वा कार्ड/मोबाइलबाट भुक्तानी गरेर बटन थिचेपछि सम्बन्धित वस्तु बाहिर निस्किन्छ। यसको मुख्य विशेषता भनेको मानव विक्रेताबिना २४ घण्टा नै सेवा दिन सक्नु हो।

पछिल्ला वर्षमा जापानमा जीवनयापन खर्च बढेको छ, जसले पेय पदार्थ उद्योगमा प्रत्यक्ष असर पारेको छ। इन्धन, ढुवानी, विद्युत् र मर्मत खर्च बढ्दा भेन्डिङ मेसिन सञ्चालन महँगो भएको छ। साथै मेसिनमा सामान भर्ने, मर्मत गर्ने र व्यवस्थापन गर्ने जनशक्तिको खर्च पनि बढेको छ। यी सबै कारणले कम्पनीको नाफा घट्दै गएको छ।

यसै क्रममा ठुला कम्पनीले आफ्ना भेन्डिङ मेसिन नेटवर्क पुनर्गठन गर्न थालेका छन्। केही कम्पनीले हजारौँ मेसिन हटाउने निर्णय गरेका छन् भने केहीले आफ्नो भेन्डिङ व्यवसाय नै बिक्री गर्ने तयारी गरेका छन्। कम्पनीको मुख्य समस्या भनेको बढ्दो लागतका कारण पुरानो 'सूची मूल्यमा बिक्री गर्ने' मोडेल अब लाभदायक नहुनु हो।

उपभोक्ता पनि परिवर्तन हुँदै गएका छन्। पहिले सजिलो र तुरुन्त उपलब्ध हुने भएकाले भेन्डिङ मेसिन लोकप्रिय थियो तर अहिले मूल्य बढेपछि धेरै मानिस सुपरमार्केट, कन्भिनियन्स स्टोर वा औषधी पसलमा पाइने सस्तो पेय पदार्थ रोज्न थालेका छन्।

उदाहरणका लागि, भेन्डिङ मेसिनबाट पानी पनि तुलनात्मक रूपमा महँगो पर्ने भएकाले उपभोक्ता अन्य विकल्पतर्फ आकर्षित भइरहेका छन्। साथै वातावरणीय चेतनाको वृद्धि पनि अर्को कारण हो।

# फलामखानीको थप अनुसन्धान गरिँदै

राष्ट्रिय समाचार समिति
*काठमाडौँ, वैशाख १३ गते*

खानी तथा भूगर्भ विभागले नवलपरासी (बर्दघाट सुस्तापूर्व) हुप्सेकोट गाउँपालिका-५ स्थित धौवादीमा करिब १० करोड मेट्रिक टन फलामको कच्चा पदार्थ (धाउ) रहेको प्रक्षेपण गरेको छ।

विभागका विज्ञले विभिन्न चरणमा गरेको अध्ययन तथा अनुसन्धानबाट स्थानीय नाम्जाकोटदेखि धौबादी क्षेत्रसम्म फैलिएको करिब १० किलोमिटर भूभागमा फलामको 'बिलेड' पाइएको हो।

फलामको व्यावसायिक उत्पादन गर्ने उद्देश्यले 'धौवादी फलाम कम्पनी लिमिटेड' स्थापना गरिएको छ। कम्पनीले फलाम भण्डारको थप अनुसन्धान गरिरहेको जनाएको छ।

करिब ४१ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको उक्त फलाम खानीबाट ६० वर्षसम्म दैनिक एक हजार पाँच सय टन फलाम उत्पादन गर्ने क्षमता रहेको कम्पनीका निर्देशक शैलेशकुमार थापाले जानकारी दिनुभयो।

मुद्दा फाँट : १०, विशेष

**श्री काठमाडौँ जिल्ला अदालतबाट प्रतिवादीको नाउँमा जारी भएको पक्राउ पुर्जी ... ।**

वादी नेपाल सरकार, प्रतिवादी देहायका व्यक्तिहरू भएको चोरी मुद्दामा यस अदालतबाट उल्लिखित प्रतिवादीहरूको नाउँमा जारी भएको पक्राउ पुर्जी म्याद हालसम्म तामेल भई फिर्ता नआएकोले उक्त पुर्जीहरू बदर भएको हुँदा यस अदालतको आदेशानुसार मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६३ बमोजिम तपाईं समेतका तपसिलका प्रतिवादीहरूको नाउँमा ३५ (पैँतीस) दिने पक्राउ पुर्जी जारी गरिएको छ। प्रस्तुत पक्राउ पुर्जी प्रकाशित भएका मितिले बाटोको म्याद बाहेक ३५ (पैँतीस) दिनभित्र कानून बमोजिम आफ्नो प्रमाण भए सो समेत लिई यस अदालतमा हाजिर हुन आउनुहोला। उल्लिखित म्यादभित्र उपस्थित हुन नआएमा मुद्दामा कानून बमोजिम कारबाही हुनेछ। पक्राउ पुर्जी जारी भएको मिति : २०८३।०१।०८ **तपसिल**

१. दुर्गा दास श्रेष्ठकी छोरी, बागमती प्रदेश, जिल्ला काठमाडौँ, काठमाडौँ महानगरपालिका वडा नं. ११, बस्ने वर्ष ५९ का सरजुबाबा श्रेष्ठ ना.प्र.नं. ६१४७-३२८८, मुद्दा नं. ०८०-C१-९१४२।
२. भारत देश, विहार राज्य, समस्तीपुर जिल्ला, जल्सीसराई स्थायी घर भई हाल काठमाडौँ जिल्लास्थित विभिन्न स्थानमा कवाडी सङ्कलन गरी हिँड्ने वर्ष ३२ को लब्नी भन्ने राजेश पासवान पोदार ... १, भारत देश, बिहार राज्य, समस्तीपुर जिल्ला, जल्सीसराई स्थायी घर भई हाल काठमाडौँ जिल्लास्थित विभिन्न स्थानमा कवाडी सङ्कलन गरी हिँड्ने वर्ष २६ को कृष्ण पोदार ... १, भारत देश, विहार राज्य, समस्तीपुर जिल्ला, जल्सीसराई स्थायी घर भई हाल काठमाडौँ जिल्लास्थित विभिन्न स्थानमा कवाडी सङ्कलन गरी हिँड्ने वर्ष २३ को लल्लु पोदार ... १, भारत देश, बिहार राज्य, समस्तीपुर जिल्ला, जल्सीसराई स्थायी घर भई हाल काठमाडौँ जिल्लास्थित विभिन्न स्थानमा कवाडी सङ्कलन गरी हिँड्ने वर्ष २२ को राजु पोदार ... १ मुद्दा नं. ०८०-C१-८४२०।
३. गोपाल तमाङकी छोरी, दोलखा जिल्ला, मेलुङ गाउँपालिका वडा नं. १, घर भई हाल का.जि. का.म.न.पा. वडा नं. १४ बल्खु बस्ने वर्ष २३ की सारा तामाङ मुद्दा नं. ०८१-C१-१३३९।

**इति संवत् २०८३ साल वैशाख १४ गते रोज २ शुभम्।**

नेपाल सरकार
गृह मन्त्रालय
## नेपाल ए.पी.एफ. अस्पताल
बलम्बु, काठमाडौँ

**धरौटी रकम सदरस्याहा सम्बन्धी सूचना**

**प्रकाशित मिति : २०८३।०१।१४ गते।**

यस अस्पतालमा विगत आ.व.हरूमा विभिन्न ठेक्का अनुसार कार्य सम्पन्न भई अस्पतालको धरौटी खातामा विभिन्न फर्म/कम्पनीका नाममा बाँकी रहेको धरौटी रकम आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ६६ को उपनियम (२) अनुसार हालसम्म पनि फिर्ता लिन नआएकोले सोही नियमावलीको नियम ६७ को उपनियम (२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। धरौटी रकम फिर्ता पाउनुपर्ने कुनै आधार र प्रमाण भएमा यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस नेपाल ए.पी.एफ. अस्पतालमा निवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ। अन्यथा, सोही नियमावलीको नियम ६७ को उपनियम (३) र नियम ६८ को (ख) बमोजिम सदरस्याहा गरी राजस्व खातामा दाखिला गरिने व्यहोरा सूचित गरिन्छ। साथै कम्पनीहरूको विवरण सहितको विस्तृत सूचना नेपाल ए.पी.एफ. अस्पतालको website: www.hospital.apf.gov.np बाट डाउनलोड गरी हेर्न सकिनेछ।

मिति २०८३/०१/०७ का आदेशानुसार जारी भएको सूचना म्याद

लगत नं. ४८१८/१२६४/५१६ तहसिल फाँट नं.-३

## श्री काठमाडौं जिल्ला अदालतबाट जारी भएको

**मुलुकी देवानी कार्यविधि नियमावली, २०७५ को नियम ५७ बमोजिम प्रतिवादी तनहुँ जिल्ला, ब्यास नगरपालिका वडा नं. २ घर भई हाल काठमाडौँ जिल्ला, टोखा नगरपालिका वडा नं. ६ बस्ने काजीराम पियाकी श्रीमती परशुराम श्रेष्ठकी छोरी वर्ष ४८ की पपला श्रेष्ठका नाउँमा जारी भएको पहिलो पटकको लिलामी सूचना.......।**

वादी वर्दिया जिल्ला, सानुश्री ताराताल नगरपालिका वडा नं. १ घर भई हाल काठमाडौँ जिल्ला, टोखा नगरपालिका वडा नं. ८ मिलनटोल बस्ने मित्रानन्द उपाध्याय ज्ञवालीकी श्रीमती दल बहादुर मगरकी छोरी वर्ष ४५ की दिपा उपाध्याय ज्ञवाली र प्रतिवादी तपाईं भएको बैना रकम फिर्ता दिलाई पाऊँ (बिगो) (मुद्दा नं. ०७९-CP-९५९४) मुद्दामा काठमाडौँ जिल्ला, अदालतबाट मिति २०८१।०१।३१ मा भएको फैसला बमोजिम सावाँ रु. ४,४३,८२,०००/- (एक करोड साठी लाख रुपियाँ) को हकमा फिराद परेको मितिदेखि भरीभराउ हुने अवधि सम्मको कानुन बमोजिमको व्याज सहित १० प्रतिशत क्षतिपूर्ति रकम र कोर्ट फी समेत तपाईंले वादीलाई नबुझाएको र यस अदालतमा समेत दाखिला गर्न नल्याएको हुँदा उक्त बिगो तपसिल बमोजिमको सम्पत्तिबाट भराई पाऊँ भनी वादीको निवेदन परी कारबाही भई उक्त सम्पत्ति पहिलो पटक मिति २०८३/०१/३१ गते यस अदालतमा डाँक लिलाम हुने भएकाले डाँक लिलाम बढाबढ गरी डाँक लिलाम सकार गर्न चाहने सर्वसाधारण सबैको जानकारीका लागि मुलुकी देवानी कार्यविधि नियमावली, २०७५ को नियम ५७ बमोजिम यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

(१) यस अदालतको तहसिल शाखामा दोस्रो पटक मिति २०८३/०१/३१ गतेका दिन ३.०० बजेदेखि कार्यालय समयसम्म डाँक लिलाम हुने भएकाले उक्त डाँक लिलाममा उपस्थित भई बोलकबोल गर्न सकिनेछ। डाँक लिलाम तोकिएको दिन सार्वजनिक बिदा परे सोको भोलिपल्ट डाँक लिलाम हुनेछ।
(२) मुलुकी देवानी कार्यविधि नियमावली, २०७५ को नियम ५७ बमोजिम कायम भएको न्यूनतम पञ्चकिर्ते मूल्याङ्कनबाट डाँक बढाबढ गर्नुपर्नेछ।
(३) डाँक लिलामका बखत बोलकबोल गरेको अङ्कको १०% प्रतिशतले हुन आउने रकम सोही दिन दाखिला गर्नुपर्नेछ। बाँकी बोलकबोल रकम डाँक लिलाम भएको मितिबाट ७ (सात) दिनभित्र दाखिला गर्नुपर्नेछ। यसरी ७ (सात) दिनभित्र बाँकी रकम दाखिला नगरे डाँक लिलाम भएको दिन दाखिला भएको १०% रकम जफत गरी पुनः डाँक लिलामको सूचना प्रकाशित गरिनेछ।
(४) डाँक लिलाम बढाबढ हुँदा सबैभन्दा बढी अङ्क बोलकबोल गर्नेलाई डाँक सकार गराइनेछ।
(५) डाँक लिलाम सम्बन्धमा बुझ्नुपर्ने भए यस अदालतको तहसिल शाखामा सम्पर्क गर्नुहोला।
(६) **डाँक लिलाम हुने सम्पत्तिको विवरण:-**

| सि.नं. | जग्गाधनी | कि.नं. र क्षेत्रफल | लिलाम हुने जग्गाको न्यूनतम मूल्य | कैफियत |
|---|---|---|---|---|
| १ | पपला श्रेष्ठ | का.जि. जितपुर वडा नं.९ को हाल परिवर्तित तारकेश्वर न.पा. वडा नं. ३ कि.नं. ६६० को क्षेत्रफल २-११-०-० व.मी. जग्गा | यस अदालतबाट मिति २०८२/११/१३ मा भएको पञ्चकिर्ते मूल्याङ्कन बमोजिम जग्गाको प्रतिआना रु. १४,५०,०००/- (चौध लाख पचास हजार रुपियाँ मात्र) | बिगोले खामे जति मात्र लिलाम हुने। |

**इति संवत् २०८३ साल वैशाख महिना १४ गते रोज २ शुभम्.............................................।**

# बजेटमा सहुलियत माग

गोरखापत्र समाचारदाता
*काठमाडौँ, वैशाख १३ गते*

सूचना प्रविधि तथा सफ्टवेयर सेवाक्षेत्रका व्यवसायीले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत सूचना प्रविधि उद्योगलाई उच्च प्राथमिकतामा राख्न सरकारलाई सुझाव दिएका छन्। आगामी बजेट निर्माणका क्रममा नेपाल एसोसिएसन फर सफ्टवेयर एन्ड आइटी सर्भिसेज कम्पनिज (नास-आइटी) ले सरकारलाई बुझाएको सिफारिसमा सूचना प्रविधिक्षेत्रलाई आर्थिक रूपान्तरणको प्रमुख आधार बनाउने गरी नीतिगत व्यवस्था गर्न आग्रह गरेको छ। नास आइटीले नवप्रवर्तन र जनशक्ति विस्तारमा सहयोग पुर्‍याउने गरी दर्ता भएका आइटी कम्पनीलाई आगामी १० वर्षसम्म खुद नाफामा एक प्रतिशत मात्र आयकर लगाउन उचित हुने सुझाएको छ। निर्यातमुखी आइटी कम्पनीलाई आठ प्रतिशत निर्यात क्रेडिट प्रदान गर्न सुझाव दिइएको छ। त्यस्तै व्यक्तिगत आयकरको उच्चतम दर २५ प्रतिशतमा सीमित गर्न उचित हुने सुझाइएको छ। सुझावपत्रमा सरकारी निकायले सफ्टवेयर खरिद गर्दा स्वदेशी कम्पनीलाई प्राथमिकता दिने गरी १० करोड रुपियाँभन्दा कमका ठेक्का नेपाली कम्पनीका लागि आरक्षित गर्न आवश्यक रहेको औँल्याइएको छ। सोभन्दा माथिका ठेक्कामा कम्तीमा ३० प्रतिशत हिस्सा नेपाली कम्पनीमार्फत कार्यान्वयन गर्नुपर्ने सुझाव दिइएको छ।

## Parshuram Municipality
**Office of Municipal Executive**
**Jogbuda, Dadeldhura**

**Invitation for Bids**

**First Date of publication : 2082/12/08 (2026/03/22)**
**Second Date of publication : 2083/01/14 (2026/04/27)**

1. Parshuram Municipality, Jogbuda, Dadeldhura invites electronic bids from Nepalese eligible bidders for the construction of following contract under National Competitive Bidding procedures.

| S. N. | IFB No. | Description of Work | Estimated Cost (Incl. VAT and PS) (NRs.) | Bid Security Amount (NRs.) | Price of Bidding Document (NRs.) |
|---|---|---|---|---|---|
| 1. | 22/WORKS/NCB/PM/2082/083 | Construction of Lipana Sela Patal Nayal Budar Sadak Improvement Works, Parshuram-10 & 11, Dadeldhura | 27,18,028.69 | 65,000.00 | 3,000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Parshuram Municipality, Jogbuda, Dadeldhura, Email: **parshurammun@gmail.com**, Phone No.: 096-411004 or may visit PPMO website **www.bolpatra.gov.np/egp.**

## Bishnupur Rural Municipality
**Office of Rural Municipal Executive**
**Bishnupur, Siraha**
**Madhesh Province, Nepal**

**Invitation for Electronic Bids**

**Date of publication : 2083-01-14 (27-04-2026)**

1. Bishnupur Rural Municipality, Bishnupur, Siraha invites electronic Bids for eligible bidders for following project.

| Contract No/Id | Description of Work | Estimate Amount (With VAT and PS) | Detail Information |
|---|---|---|---|
| BRM-NCB-Works-08-2082/083 | Laxmipur ko Jamuwa dekhi chowk hudai Thalaha ko Karharwa Samma Kalopatre and Naala Nirman, Bishnupur Ga.Pa.-5 | 63,74,489.62 | Please visit Official website of PPMO (www.bolpatra.gov.np/egp) for more details. |

**Notice for the letter of Intent**

**Date of publication : 2083-01-14 (27-04-2026)**

Pursuant to Sub Clauses 27.2 and 27.3 of Public Procurement Act 2063 with its revision, this is to notify all the contractor's who submitted their bids for the shown in table below as per the Invitation for Bids published in the national daily newspaper on 2082-12-11, that the following listed Lowest Evaluated and Substantially Responsive contractor's has been selected to award the contract. This notice is published for the purpose of clause 47 of Public Procurement Act 2063 with its revision.

| Contract ID., Name of Works | Lowest Evaluated Substantially Responsive Contractor's | Bid Price NRs. (With VAT & PS) |
|---|---|---|
| BRM-NCB-Works-02-2082/083, Construction of 2 Class Room RCC School Building, Bishnupur Ga.Pa.-2 | Om Chamak Dulari Nirman Sewa, Dhangadhimai Na.Pa.-5, Siraha | 26,59,170.09 |
| BRM-NCB-Works-03-2082/083, Galli sadakharu dhalan karya (Sabik wada no - 3,4,8), Bishnupur Ga.Pa.-4 | Nirmal Construction, Sonama Ga.Pa.-2, Mahotarri | 19,13,685.88 |
| BRM-NCB-Works-04-2082/083, Laxmipur ko Jamuwa dekhi chowk hudai Thalaha ko Karharwa Samma Kalopatre and Naala Nirman, Bishnupur Ga.Pa.-5 | Roshan Construction, Siraha Na.Pa.-1, Siraha | 1,48,43,359.91 |
| BRM-NCB-Works-06-2082/083, Boarding Jadan tatha Kharid Karya, Bishnupur Ga.Pa.1-5 | Om Chamak Dulari Nirman Sewa, Dhangadhimai Na.Pa.-5, Siraha | 29,38,970.00 |

Machhapuchchhre Rural Municipality
**Office of Rural Municipal Executive**
**Lahachowk Kaski, Gandaki Province,** Nepal

**Invitation for Electronic Bids**

Date of Second publication: **27th April 2026 (2083 Baisakh 14)**

1. ***Office of Machhapuchchhre Rural Municipality, Lahachowk, Kaski*** invites electronic bid from registered contractor for following works under National Competitive Bidding procedure.

| IFB No | Name of Project | Estimated Amount (With Vat And PS) (NRs) | Bid Validity Period | Bid Security: Amount (NRs) | Bid Security: Validity Period | Bid Doc. Fee (NRs) |
|---|---|---|---|---|---|---|
| **MRM/NCB/W/RD/082-83/20(RE-01)** | Construction of Chorkholsa Road | 63,87,230.75 | **90 days** | 1,65,000.00 | **120 days i.e. (Must be Valid Upto 2026 Sep 7)** | **3000.00** |
| **MRM/NCB/W/RD/082-83/29(RE-01)** | Upgrading of motorable road from Kuiwang to Ward Office | 24,35,422.45 | **90 days** | 62,500.00 | | **3000.00** |

2. Eligible Bidders may obtain other information from PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder may download bid documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders should deposit the cost as maintain above of Bid documents in the account as specified .
   i. Account Name : GA-1.1 MACHHAPUCHCHHRE GA. PA. ANTARIK RAJASWO KHATA
   ii. Name of the Bank : Prabhu Bank Ltd.
   iii. Office Code no : 801043903
   iv. Office Account No : 1400109223400069
   v. Rajaswa (revenue) Shirshak No : 14229
4. Pre-bid meeting shall be held on 4th May 2026,, 11:00 hrs on Client office.
5. Electronic bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egp on or before **12:00 noon 11th May 2026 (2083 Baisakh 28).** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 Hrs. on 11th May 2026 (2083 Baisakh 28).** at the office of Machhapuchchhre Rural Municipality, Lahachowk, Kaski.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bid without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

# वैदेशिक रोजगारीमा जाने धेरै

गोरखापत्र समाचारदाता
*काठमाडौँ, वैशाख १३ गते*

वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएर विदेश जानेमा सबैभन्दा धेरै धनुषाका छन्। वैदेशिक रोजगार विभागका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ को नौ महिनामा धनुषाबाट मात्रै २८ हजार ५८२ जनाले श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका हुन्। जिल्लागत रूपमा चालु आवको विश्लेषण गर्दा वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिनेमा पहिलो धनुषा पहिलो र दोस्रोमा झापाका छन्। तेस्रो र चौथो जिल्ला क्रमशः मोरङबाट २३ हजार ३५४ जना र महोत्तरीबाट २० हजार १७२ जना छन्। पाँचौँ स्थानमा पर्ने सिराहाबाट १९ हजार ८२४ जना, छैटौँमा सर्लाहीबाट १९ हजार ३७२ जना, सातौँ र आठौँमा क्रमशः रुपन्देहीबाट १८ हजार ३१८ जना र सुनसरीबाट १७ हजार ४२४ जनाले श्रम स्वीकृति लिएर विदेश गएका छन्।यस्तै नवौँ र दसौँ जिल्लामा क्रमशः सप्तरीबाट १५ हजार २०८ र चितवनबाट १५ हजार ७९ जनाले श्रम स्वीकृति लिएर विदेश गएको विभागको तथ्याङ्कमा उल्लेख छ।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय
## विद्युत विकास विभाग
सानो गौचरन, काठमाडौँ, नेपाल

**म्यार्दीखोला जलविद्युत आयोजना (३० मे.वा.) सम्बन्धी सार्वजनिक सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०८३।०१।१४)**

गण्डकी प्रदेश, लमजुङ जिल्ला, मर्स्याङ्दी गाउँपालिका र मनाङ जिल्ला, नासोँ गाउँपालिका अन्तर्गत म्यार्दीखोलाको पानीलाई उपयोग गर्दै नदी प्रवाहमा आधारित (Run of River type) ३० मेगावाट क्षमताको म्यार्दीखोला जलविद्युत आयोजना निर्माण गर्न म्यार्दीखोला हाइड्रोपावर कम्पनी (प्रा). लि. ले विद्युत ऐन, २०४९ को दफा ४ र विद्युत नियमावली, २०५० को नियम १२ बमोजिम दरखास्त पेश गरेको हुनाले विद्युत नियमावली, २०५० को नियम १५ बमोजिम आवश्यक जाँचबुझ गरी नियम १६ को प्रयोजनका लागि नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयबाट वन तथा वातावरण मन्त्रालयमा मिति २०८१।०९।०३ गते स्वीकृतिका लागि पेश भएको यस आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन (Environmental Impact Assessment) तथा आयोजनाको पछिल्लो सम्भाव्यता अध्ययन प्रतिवेदन (Feasibility Study Report, July 2025) अनुसार आयोजना सम्बन्धी तपसिलका विवरणहरू खोली सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**आयोजना सम्बन्धी विवरणहरू :**

१. श्री म्यार्दीखोला हाइड्रोपावर कम्पनी (प्रा) लि. २०६४/०९/१७ गते स्थापित विद्युत उत्पादन गर्ने संस्था हो। यो कम्पनी प्रचलित कम्पनी ऐन, २०६३ अन्तर्गत गठन भएको संस्था हो।
२. म्यार्दीखोला जलविद्युत आयोजनाको जडित क्षमता ३० मेगावाट हुनेछ र यस आयोजनाबाट वार्षिक सरदर १७३.३६ गिगावाट घण्टा विद्युत उत्पादन हुनेछ।
३. आयोजना स्थलको भौगोलिक सिमाना निम्नानुसार कायम गरिएको छः
   अक्षांश : दक्षिण २८° २६' ३४" N देखि उत्तर २८° २७' ३०" N सम्म
   देशान्तर : पश्चिम ८४° १९' ३६" E देखि पूर्व ८४° २२' ३३" E सम्म
४. यस आयोजनाको सम्पूर्ण संरचना मर्स्याङ्दी गाउँपालिका (लमजुङ) र नासोँ गाउँपालिका (मनाङ) मा म्यार्दीखोलाको दायाँ किनारामा रहनेछन्।

विद्युत उत्पादनका लागि म्यार्दीखोलाको पानी फर्काउन बनाइने बाँधको कुल लम्बाइ १० मि.को हुनेछ। बाँध रहने स्थानको (Crest Elevation Level) समुद्री सतहबाट २४५३.५० मि. उचाइमा रहने छ। बाँधसँगै म्यार्दीखोलाको दायाँ किनारमा १.८० मि. चौडाइ र १.१० मि. उचाइको दुईवटा Side Intake हुनेछन्। Side Intake बाट आउने पानीलाई ५.५० मि. लामो ग्राभेल ट्र्याप हुँदै ७५ मि. लम्बाइ र ६.० मि. चौडाइ भएको Settling Basin मा लगिनेछ। त्यसपछि ३४५० मि. लम्बाइ भएको हेडरेस टनेल हुँदै २५.५ मि. उचाइ भएको सर्ज ट्याङ्कसम्म पुर्‍याइनेछ। सर्ज ट्याङ्क पश्चात् १४४९ मि. लम्बाइ भएको पेनस्टक पाइप मार्फत ३२ मि. लम्बाइ, १६.९० मि. चौडाइ र ९.० मि. उचाइ भएको विद्युतगृहमा पुर्‍याइनेछ। Turbine Axis Level १६०१.५ m रहनेछ।

विद्युत गृहमा जडित २ वटा Vertical Axis Pelton Turbine र २ वटा Three Phase Generator मार्फत ३० मेगावाट विद्युत उत्पादन गरिनेछ। त्यहाँबाट निस्केको पानीलाई ३८१.० मि. लम्बाइ भएको Tailrace मार्फत मर्स्याङ्दी नदीमा छाड्ने प्रबन्ध मिलाइनेछ। Tailrace level १५८९.५० मि. masl कायम गरिनेछ। विद्युत गृह नजिकै Switchyard निर्माण गरिनेछ। यस आयोजनाबाट उत्पादन हुने विद्युत १० कि.मि. लामो प्रसारण लाइन मार्फत नेपाल विद्युत प्राधिकरणको मनाङ हब सबस्टेसनबाट राष्ट्रिय प्रसारण लाइनमा प्रवाह गरिनेछ।

५. आयोजनाको बाँध स्थलभन्दा तल तथा विद्युत गृहभन्दा माथिको खण्डमा पाइने जीवजन्तु, जलचर तथा बोटबिरुवाहरूका लागि आवश्यक पर्ने न्यूनतम पानी नेपाल सरकारको सम्बन्धित निकायबाट स्वीकृत हुने वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन (Environmental Impact Assessment) प्रतिवेदनमा उल्लेख भए बमोजिम अविछिन्न रूपमा तल्लो तटीय क्षेत्रमा छाड्न श्री म्यार्दी खोला हाइड्रोपावर कम्पनी (प्रा.) लि. ले प्रस्ताव गरेको छ।
६. यो आयोजना वि.सं. २०८५ चैत, तदनुसार मार्च २०२९, सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ।
७. आयोजनाको निर्माण तथा सञ्चालन गर्दा विद्युत ऐन, २०४९ को दफा २४ बमोजिम भू-क्षय, वायु प्रदूषण आदिद्वारा वातावरणमा उल्लिखित प्रतिकूल असर नपर्ने गरी आयोजनाको स्वीकृत हुने वातावरणीय प्रभाव मूल्याङ्कन (Environmental Impact Assessment) प्रतिवेदन अनुसार गर्न लगाइनेछ।

**आयोजनाको संरचनाहरूको अवस्थितिबारे विवरण देहाय बमोजिम रहेको छ :**

**म्यार्दीखोला जलविद्युत आयोजना (३० मे.वा.) को संरचनाहरू रहने स्थान**

| सि.नं. | संरचना | स्थान |
|---|---|---|
| १ | Diversion Weir, Intake, Gravel Trap, Settling Basin, Headrace Tunnel, Surge Tank, Penstock Pipe, Powerhouse, Tailrace | मर्स्याङ्दी गाउँपालिका (लमजुङ जिल्ला) वडा नं. ४ र नासोँ गाउँपालिका (मनाङ जिल्ला) वडा नं. १, गण्डकी प्रदेश, नेपाल। |

**आयोजनाको विस्तृत जानकारीका लागि सम्पर्क ठेगाना:**

| | |
|---|---|
| **श्री म्यार्दीखोला हाइड्रोपावर कम्पनी (प्रा.) लि.,**<br>टोखा न.पा. वडा नं. ७, काठमाडौँ, नेपाल।<br>फोन : ९८५१०४०६२५ | **विद्युत विकास विभाग**<br>सानो गौचरन, काठमाडौँ<br>पो.ब. नं.: २५००७<br>फोन नं.: ०१-४५३४११९, ४५११५३७<br>फ्याक्सः ०१-५२४४२५७<br>इमेलः poonampooh7@gmail.com<br>Website: www.doed.gov.np |